## गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितद्वारा स्वागत भाषण

**ॐ असतोमा सद्गमय तमसोमा ज्योतिर्गमय मृत्योमा अमृतं गमय**
**ॐ शान्तिः ! शान्तिः ! शान्तिः !**

**आदरणीय आजका ब्यौलाद्वय, डा. चैतन्य मिश्रज्यू तथा मित्रहरू,**

यो पुरस्कार शुरू भएको समयदेखि नै सधैंजसो नौरथाका समयमा हुने गरेको यो समारोह यसपालि केही अगाडि हुनआयो । त्यसले कसैलाई विशेष असुविधा भएको होवैन भन्ने आशा गर्छु र तपाईंहरू सबै जनालाई यस रङ्गस्थलमा स्वागत गर्दछु । साथै यो समारोह प्रारम्भ गर्नुभन्दा पहिले तपाईंहरूलाई सधैं झैं एक पटक यस कार्यका कारक दुई व्यक्तित्व जनरल मदनशमशेर तथा रानी जगदम्बालाई स्मरण गरिदिन पनि आग्रह गर्दछु ।

दिनेशराजजी तथा डा. महेशराजजी, आज तपाईंहरूलाई सँगै यहाँ देख्दा मलाई नारायणगोपालको एउटा गीत याद आयो र भन्न मन लाग्यो– "चिन्हारी हाम्रो धेरै पुरानो भए झैं लाग्दछ !" नभन्दै संशोधन मण्डल र मदन पुरस्कारको सम्बन्ध त आधा शताब्दी लामो पो भैसकेको रहेछ ! यो सम्झँदा मलाई गौरव-बोध भैरहेछ । म तपाईंहरूलाई हार्दिक स्वागत गर्छु ।

युवा स्रष्टा अमर न्यौपानेज्यू, शुरूमा मदन पुरस्कार तपाई जस्तै र अरु तपाईभन्दा कम उमेरका कवि लेखकहरूले पाउनुभएको हो । तर यता निकै वर्षदेखि यसमा पाका स्रष्टाहरूको वर्चस्व कायम भए जस्तो देखिएको छ । तर मदन पुरस्कार वयः- निरपेक्ष छ भन्न यसपालि तपाईंले हामीलाई सघाउनुभयो । तपाईंको युवा ऊर्जाले एउटा अर्को सशक्त सन्देश समेत दिएको छ नेपाली साहित्यिकहरूलाई । राम्रो र

कामलाग्दो किताप लेख्ने हो भने श्रम गर, पूर्व तयारी गरेर मात्रै नयाँ पुस्तक लेख, मनमा जे आयो त्यो मात्तै कागजमा नकोर- भन्ने । त्यसका साथै तपाईंले अर्को कुरा पनि सिद्ध गरिदिनुभएको छ । त्यो के भने– मदन पुरस्कारबाट सम्मानित हुन गुठीका कुनै पदाधिकारीहरूको निकट हुनुपर्दैन । जस्तो, तपाईंलाई नै हामीहरू कोई चिन्दैनथ्यौं न तपाई यहाँका कसैको निकट हुनुहुन्थ्यो । तैपनि तपाईंको किताप उत्कृष्ट ठहरियो ! म तपाईंलाई समारोहमा कृतज्ञतापूर्वक स्वागत निवेदन गर्दछु ।

डाक्टर चैतन्य मिश्रज्यू, तपाईंसँग सम्भवत: गुठीको यो पहिलो औपचारिक चिनजान हो । हाम्रो आग्रह मानेर विद्वद्प्रवचन दिन पाल्नुभएकोमा म तपाईंलाई धन्यवाद निवेदन गर्दै स्वागतम् भन्छु । पुरस्कारद्वारा सम्मानित हुने ब्यौलाहरूलाई 'ओल्क्याउने' परम्परा छ हाम्रो । यस पटक पनि चार जना विद्वान्-विदूषीहरूले त्यो पुनीत कार्य सम्पन्न गरिदिनुहुनेछ । उहाँहरू चारै जनालाई पनि पेस्की धन्यवाद दिंदै म ससम्मान स्वागत भन्दछु ।

विद्वान् मित्रहरू, समारोहको गरिमा बढेको छ तपाईंहरूको यो भव्य उपस्थितिले । तपाईंहरू सबै जनालाई म हार्दिक हार्दिक स्वागत गर्दछु ।

समारोहको अन्त्यमा सधैं झैं मेरा दुइटा किताप हाम्रा आदरणीय सम्मानित दुई ब्यौलाहरूलाई समर्पण गरिनेछ । त्यसलाई हामीले पुस्तकको विधिवत् विमोचन भएको मान्ने गरेका छौं । समारोह पछि तल प्राङ्गणमा जलपानका बेला, तपाईंहरूमा पनि त्यो वितरण गरिनेछ । तर त्यो नि:शुल्क हुनेछैन । र शुल्क हो– तपाईंहरूका एउटा एउटा दस्तखत । कृपया सो शुल्क तिरी तपाईंहरूले ती दुई पुस्तक लिएर गैदिनुहोला । धन्यवाद !
सबैको जय होस् ।